# अदालती दण्ड जरिवाना असुल तहसिल नियमहरु, २०२६ लाई खारेज गर्ने नियमहरु, २०२८

(मिति २०७५ साल बैशाख मसान्तसम्म भएका संशोधनहरु समेत मिलाइएको)

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

# अदालती दण्ड जरिवाना असुल तहसिल नियमहरु, २०२६ लाई खारेज गर्ने नियमहरु, २०२८

नेपाल राजपत्रमा प्रकाशित मिति
२०२८।१०।१०

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम “अदालती दण्ड जरिवाना असुल तहसिल नियमहरु, २०२६ लाई खारेज गर्ने नियमहरु, २०२८” रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. खारेजी : अदालती दण्ड जरिवाना असुल तहसिल नियमहरु, २०२६ लाई खारेज गरिएकोछ ।

३. बक्यौता लगत : अदालती दण्ड जरिवाना असुल तहसिल नियमहरु, २०२६ लागू रहँदाको अवस्था अदालतको निर्णय अनुसार लागेको अदालती जरिवाना कैदको लगत जे जति माल अड्डा, भूमि प्रशासन कार्यालय वा तिनका उत्तराधिकारी कार्यालयहरुले बुझी लिई असुल तहसिल हुन बाँकी रहेको छ सो सबै बक्यौता लगत ती कार्यालयहरुले सम्बन्धित जिल्ला अदालतलाई बुझाई दिनेछ र जिल्ला अदालतहरुले पनि बुझी लिई साविक बमोजिम असुल तहसिल गर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

द्रष्टव्य : केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :-
“श्री ५ को सरकार” को सट्टा “नेपाल सरकार” ।